# आदर्श कोतवाल गाउँपालिकाको दोस्रो गाउँसभा द्वारा पारित निर्णयहरु

पारित मिति : २०७५/०३/१०

१) आदर्श कोतवाल गाँउपालिको आ. व.०७५/०७६ को बार्षिक निति तथा कार्यक्रम बजेट आय व्यय ग.आ.व. २०७४/०७५ को यर्थाथ र २०७५/०७६ को अनुमानित आय व्यय तथा कार्यक्रम पारित गरियो ।

२) चालु आ.व. २०७५/०७६ को लागि गाउँ कार्यपालिकाद्धारा पेश भएका करका दरहरु पारित गरियो ।

३) गाँउ कार्यपालिकाद्धारा हाल सम्म भई गरेका सम्पूर्ण निर्णय तथा सम्पादन भएका कार्यक्रमहरुको अनुमोदन प्रस्ताव पारित गरियो ।

४) यस गाउँकार्यपालिकाको प्रथम गाउँ सभाबाट विनियोजन बजेटमा आ.व. २०७४/०७५ कार्यआदेश लिएर सम्पन्न भएका योजना तथा कार्यक्रमहरुको बक्यौता रकम नियमानुसार भुक्तानि गर्ने निर्णय पारित गरियो ।

५) गाँउकार्यपालिकामा आइपर्ने मुद्दा मामिलाको प्रतिउत्तर तथा कार्यालयले आफ्नो तर्फबाट गर्नुपर्ने पक्षपोषण र प्रतिबाद गर्ने अधिकार प्रमुख प्रसासकिय अधिकृतलाई प्रतियोजन गर्ने स्वकृतिको लागि गाँउ कार्यपालिकाद्वारा प्रस्तावित निर्णय पारित गरियो ।

६) गाँउसभा तयारीको क्रममा कार्यालयको दैनिक कार्यसमपादनको अतिरिक्त चालु आ.व. को योजना तर्जुमा तथा बार्षिक नीति तथा कार्यक्रम तयारी तथा गाँउसभाको तयारीमा कार्यालय समयका अतिरिक्त विहान देखि बेलुका सम्म खटिएका कार्यपालिकाका कार्मचारीहरुलाई एक महिना बरावरको तलब रकम प्रोतसाहन स्वरुप उपलब्ध गराउने सम्बन्धमा स्वकृतिको लागि गाँउ कार्यालिका द्वारा प्रस्तावित निर्णय पारित गरियो ।

७) आर्थिक, प्रशासनिक तथा विकासात्मक काम कार्यवाही सिमित जनशक्तिद्धारा चुस्तदुस्त तरिकाले सेवा प्रदान गर्दै आइरहेका काज तथा दरवन्दीमा कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि क्षमता विकास कार्यक्रम संचालन एवम निजहरुलाई थप उत्तरदायि तथा प्रोत्साहित बनाउने उदेश्यले खाइपाई आईरहेको तलबमा मासिक रुपमा ३० प्रतिशत थप प्रोत्साहन भत्ता यसै आ.व. २०७५ श्रावन महिना देखि लागु हुने गरी स्वकृतिको लागि गाँउ कार्यपालिका द्वारा प्रस्तावित गर्ने निर्णय पाति गरियो ।

८) पारित ऐनहरु

१) आदर्श काटवाल गाउँपालिकाको आर्थिक ऐन, २०७५

२) आर्थिक वर्ष २०७५/०७६ को लागि विनियोजन विद्येयक, २०७५

३) आदर्श कोतवाल गाउँकार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणीकरण (कार्यविधि) सम्बन्धमा व्यवस्थ ागर्न बनेको नियमावली, २०७५

४) गाउँकार्यपालिका कार्यसम्पादन नियमावली, २०७५

५) गाउँकार्यपालिकाको बैठक संचालन सम्बन्धि कार्यविधि, २०७५,

६) आदर्श कोतवाल गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि, २०७५

७) आदर्शकोतवाल गाउँपालिका विपद जोखिम न्यूणीकरण तथा व्यवस्थापन गर्न बनेको विधेयक, २०७५

८) आदर्शकोतवाल गाउँसभा सञ्चालन कार्यविधि, २०७५

९) गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

१०) आदर्शकोतवाल गाउँपालिकाका पदाधिकारीहरुको आचारसहिता, २०७५

११) आदर्शकोतवाल गाउँपालिकाका न्यायीक समिति (कार्यविधि) सम्बन्धि ऐन, २०७५

१२) आदर्शकोतवाल गाउँपालिका राजपत्र प्रकाशन सम्बन्धि कार्यविधि, २०७५

१३) सहकारी स्थापना तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५

१४) आदर्शकोतवाल गाउँपालिका शिक्षा नियमावली,२०७५

१५) आदर्शकोतवाल गाउँपालिका बजार अनुगमन निर्देशिका, २०७५

१६) आदर्शकोतवाल गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७५

१७) आदर्श कोतवालगाउँकार्यपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन, २०७५

९) साविक गाविस तथा यस गाउँपालिकामा रहेको पेश्की हालसम्म फर्छौट नगरेका तथा बेरुज दाखिला नगर्ने उपभोक्ता समिति, कर्मचारी तथा ठेकेदारहरुलाई आफ्नो जिम्मा रहेको पेश्की तथा ठेका वापतको बक्यौता रकम फर्छौट गर्न सम्बन्धमा आवश्यक कार्य विधि बनाई गाउँ कार्यपालिकालाई अधिकार प्रत्योजन गर्न प्रस्ताव पारित गरियो ।

१०) गाउँपालिका तथा वडा स्तरबाट संचालन हुने सार्वजनिक निर्माणका आयोजना तथा कार्यक्रमहरुमा स्वीकृत वजेटको पुँजीगत बजेटबाट ३ प्रतिशतले हुन आउने रकम कन्टीन्जेन्सी रकम वापत कट्टा गर्ने र सो रकमबाट विकास निर्माण आयोजना सञ्चालन गर्दा खटिने कर्मचारीहरुको प्राविधिक तथा पारवहन खर्च तथा अन्य विस्तृत योजना प्रतिवेदन खर्च, उपभोक्ता समिति, कर्मचारीहरुको क्षमता विकासमा खर्च गरिने प्रस्ताव पारित गरियो ।

११) सानातिना योजना/कार्यक्रमहरुको औचित्य र आवश्यकतालाई मध्यनजर गरी स्विकृत बजेटको परीधिभित्र रही भैपरी पुँजीगत शिर्षकबाट योजना तथा कार्यक्रमहरु गाउँकार्यपालिकाबाट स्विकृत ‍ सञ्चालन गरिने अधिकार प्रत्यायोजन गर्न प्रस्ताव पारित गरियो ।

१२. जिल्ला समन्व्य समिति बारामा गरिवसँग विशेश्वर कार्यक्रममा सामाजिक पारिचालक पदमा करिव १७ वर्ष सम्म निरन्तर रुपमा कामकाज गर्दै आईरहनु भएका श्री महेन्द्र गिरी सन्यासीले गत १ वर्ष देखी यस आदर्श कोतवाल गा.पा.को वार्ड नं. १ र २ को वडा सचिवको पदमा इमान्दारी पुर्वक निरन्तर सेवा दिदै आईरहनु भएकोमा निजको म्याद मिति २०७५ श्रावन १ देखी २०७६ असार मसान्त सम्म थप गरी कार्यालय साहायक चौथो तहको तलब, सेवा सुविधा नेपाल सरकारको नियमानुसार दिने निर्णय गरियो ।

१३) गाँउकार्यपालिकामा आईपर्ने मुद्दा मामिलाको कानुनि सल्लाकारको रुपमा अधिवक्ता श्री ओमप्रकाश केशरीलाई सेवा करारमा नियुक्त गरि बार्षिक रु.२०,००० (बीस हजार मात्र) नबढने गरि पारिश्रमिक उपल्बध गराउने सम्बन्धमा गर्ने निर्याय पारित गरियो ।

१४) यस गाउँपालिका अन्तगर्त चिउँटाहा स्वास्थ्य चौकीमा अ.हे.व. पदमा करार सेवामा कार्यरत श्री रामाकान्त प्रसाद साहलाई मिति २०७५ श्रावन १ देखी २०७६ असार मसान्त सम्म म्याद थप गरी निजलाई स्वास्थ्य शाखा कार्यालयमा उप संयोजकको पदमा नियुक्त गरी यस गा.पा द्वारा स्वास्थ्य क्षेत्र अन्तगर्तका कार्यक्रमहरु संचालन गराउन निर्णय गरियो ।

१५) आ.व. २०७५/०७६ मा यस गाउँपालिकाको कार्यालयद्धारा संचालित सामाजिक क्षेत्र तथा अन्य कार्यक्रमहरु सम्बन्धित शाखाद्धारा मात्र सञ्चालन गराउन तथा शर्सत अनुदान तर्फका कार्यक्रमहरु समाजिक शाखाको समन्व्य तथा साझेदारीमा सञ्चालन गराउने निर्णय गरियो ।

१६) यस आदर्श कोतवाल गाउँपालिका वडा नं. ६ स्थीत श्री ने.रा.नि.मा.वि. पटेर्वा स्कुलमा पठन पाठन कार्य सहज गराउन हेतु वडा नं. ६ स्थीत स्थायी घर भएका श्री राम असिस साह गुप्तालाई मिति २०७५ श्रावन १ देखी २०७६ असार मसान्त सम्म करार सेवामा करार सम्झौता गरी पठन पाठनको लागी जिम्मेवारी दिने निर्णय गरियो ।

१७) गाउँपालिका क्षेत्र भित्र "क" वर्गका हुलाकी राजमार्गसँग छुने प्रमुख सडकहरु ३०-२५ फिट, "ख" वर्गका मुख्य कृषि तथा शाखा सडकहरु २५-२० फिट र "ग" वर्गका गाउँका सडक तथा शाखा सडकहरु १५-१३ फिट र पुराना बस्तीहरुका साँघुरा सडकहरुलाई समेत कम्तिमा १३ फिट वा सो भन्दा नक्सामा बढी भएका सडकहरुलाई नक्सा अनुसार बढीमा भएका सडकहरुलाई नक्सा अनुसार सडक चौडा गरी मात्र सडक मर्मतका लागि स्वीकृत आयोजनाहरु सञ्चालन गरिने निर्णय गरियो ।

१८) सानातिना योजना कार्यक्रमहरुको औचित्य र आवश्यकतालाई मध्य नजर गरी स्वीकृत वजेटको परिधि भित्र रही भैपरी पुजीगत तथा चालुगत शिर्षहरुबाट योजना तथा कार्यक्रमहरु गाउँकार्यपालिकाबाट स्वीकृत संचालन गरिने अधिकार प्रत्यायोजन गर्न प्रस्ताव पारित गरियो ।

१९) आदर्श कोतवाल गाउँपालिकामा आ.व. २०७५/०७६ मा सञ्चालन हुने योजनाहरुको आवश्यकता अनुसार ठाउँ तथा नाम परिवर्तन गरी योजना संचालनका लागी सिफारिस गरिने अधिकार गाउँकार्यपालिकालाई दिने निर्णय गरियो ।

२०) आदर्श कोतवाल गाउँपालिकाको कार्यालयमा कार्यरत सुचना प्रविधि अधिकृत श्री अमीर मिया अन्सारीको सेवा करार सम्झौताको म्याद २०७५ पौष मसान्त सम्मका लागी अनुमोदन गरियो, साथै निजको करार सम्झौताको कुल लागतको २५ प्रतिशत रकम यस गाउँपालिकाबाट व्यवस्था मिलाउने निर्णय गरियो ।

२१) सवै वडा समितिको निर्णयबाट माग भई आए अनुसार यस गाउँसभाले योजना बैंकको रुपमा समावेश गरेको तर बजेटको प्राथमिकतामा पर्न नसकेको योजना र कार्यक्रमलाई

गाउँपालिकाको उपलब्ध स्रोत भएमा वा अन्य विकासका साझेदार निकायहरुको साझेदारीमा प्राथमिकताका आधारमा संचालन गरी क्रमशः वाडावासीका मागलाई सम्वोधन गर्दै लैजाने निर्णय गरियो ।

२२) गाउँसभाबाट पारित कार्यक्रम, योजना तथा बजेट कार्यान्वयनको शिलशिलामा कुनै कारणले कार्यन्यवन हुन नसकेको अवस्था सृजना भएमा सम्बन्धित वडा समितिको सिफारिसमा सो कार्यक्रम, योजना तथा बजेट संसोधन, थप वा घट गर्ने अधिकार गाउँकार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय पारित गरियो ।

२३) यस गाउँपालिका क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तराष्ट्रिय गैह्र सरकारी संस्था लगायतका संघ संस्थाहरुले यस गाउँपालिका क्षेत्रमा संचालन गर्ने कार्यक्रम तथा परियोजनाहरु गाउँपालिकाको स्वीकृत मापदण्डको अधिनमा रही गाउँकार्यपालिकाले स्वीकृत गरे पश्चात मात्र परियोजना तथा कार्यक्रमहरु संचालन गर्न दिने निर्णय गरियो ।

२४) उपभोक्ता समिति मार्फत कार्यान्वयन हुन सक्ने प्रकृतिका योजनाहरु कार्यान्वयनका लागी निश्चित अवधिका सूचना दिई गा. पा. द्वारा वडा कार्यालयको सिफारिसमा उपभोक्ता समिति गठन गर्न सम्झौताका लागी जानकारी दिने र तोकिएको अवधिमा सम्झौता गर्न नआएमा अन्य व्यवस्थाद्वारा गाउँकार्यपालिकाबाट योजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

२५) संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा स्वीकृत कर्मचारीहरुको तेरिज विवरण अनुमोदन गर्ने निर्णय गरियो ।

२६) यस गाउँपालिकाको कार्यालयमा कार्यरत प्रेस सचिव श्री सबिर आलमको सेवा करार सम्झौताको म्याद २०७६ असार मसान्त सम्मका लागी अनुमोदन गरियो, साथै निजको मासिक रु २२,०००।- (अक्षरेपी रु बाईस हजार मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

२७) यस गाउँपालिकाको कार्यालयमा कार्यरत कार्यालय साहायक चौथो श्री अताउल अंसारीको म्याद २०७६ असार मसान्त सम्मका लागी अनुमोदन गरियो, साथै निजको साविकको कार्यालय साहायक चौथो सरहको सेवा सुविधा उपलब्ध गराउने निर्णय पारित गरियो ।

२८) गाउँसभाबाट पारित पुँजीगत विकास निमार्ण योजना कार्यान्वयनको शिलशिलामा १० प्रतिशत जनश्रमदान कायम गरी विकास निमार्ण योजना कार्यान्वयन गर्न गराउने प्रस्ताव पारित गरियो ।

२९) यस गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा कार्यरत वालविकास कोटाका शिक्षिकाहरुलाई पोशाक भता वापत रु. ५००० (पाँच हजार मात्र) को दरले उपलब्ध गराउने निर्णय गरियो ।